# वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल ।

☎०८३-५२०१४४
०८३- ५२१८४९
०८३-५२०७५०


पत्र संख्याः ०७४।०७५
चलानी नं.

मितिः २०७५।०२।०८

---

श्री वडा कार्यालय १ देखि १६ सबै
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत ।

**विषयः वस्ती तहका योजना छनौट गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाका लागि आगामी आ.व. ०७५/०७६ को नीति, बजेट योजना तथा कार्यक्रम २०७५ अषाढ १० गते भित्र नगर कार्यपालिकाले नगर सभामा पेश गर्ने स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान बमोजिम यस नगरपालिकाको आगामी आ.व. ०७५/०७६ को नीति, बजेट योजना तथा कार्यक्रम तर्जुमा अगाडी बढीरहेको सन्दर्भमा स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) को दफा ५.३ अन्तरगतको वस्ती तहका योजना छनौट प्रक्रिया २०७५ जेष्ठ १५ गते भित्र तपशिलका कार्य र दिग्दर्शनले मार्गदर्शन गरे बमोजिमको प्रक्रिया पुरा गरी वस्ती स्तरको योजना छनौट गरी वडा समितिको कार्यालयमा संकलन गरि राख्नुहुन अनुरोध गरिन्छ । साथै वडा तहको योजना छनौट तथा प्राथमिकीकरणका सम्बन्धमा पछि कार्यालयबाट पत्राचार हुनेछ ।

**वस्ती तहका योजना छनौट प्रक्रियाः**

१. वस्ती तहको योजना छनौट गर्दा स्थानीय तहका बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) को दफा ५.३.१ मा उल्लेखित प्रक्रिया पालना गर्ने ।
२. वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमा गर्ने मिति, स्थान, समय र संयोजन गर्ने सदस्यको विवरण यस नगर कार्यपालिकाको कार्यालयमा ३ दिन भित्र उपलब्ध गराईदिनहुन ।
३. वस्ती स्तरमा माग भएका योजना तथा कार्यक्रम संलग्न फारम भित्र राखि पेश गर्नुपर्नेछ ।

.........................

**सादर अवगतार्थः**
नगर प्रमुख श्री देव कुमार सुवेदी ज्यू,
नगर उपप्रमुख श्री मोहनमाया ढकाल (भण्डारी) ज्यू